# बाह्रदशी राजपत्र

## बाह्रदशी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ७, झापा, कोशी प्रदेश, नेपाल, श्रावण ४ गते २०८० (संख्या ४)

भाग १

**बाह्रदशी गाउँपालिकाको लिखत प्रमाणीकरणको व्यवस्था गर्न बनेको ऐन, २०८०**

बाह्रदशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कोशी प्रदेश

बाह्रदशी राजपत्र

**बाह्रदशी गाउँपालिकाको लिखत प्रमाणीकरणको व्यवस्था गर्न बनेको ऐन, २०८०**

प्रस्तावनाM बाह्रदशी गाउँपालिकाको लिखतहरुको प्रमाणीकरण कार्यविधिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले बाह्रदशी गाउँपालिका गठन भएको ..........वर्षमा ........... औं सभाले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः १) यस ऐनको नाम "बाह्रदशी गाउँपालिकाको लिखत प्रमाणिकरण (कार्यविधि) ऐन, २०८०" रहेकोछ ।

२) यो ऐन गाउँसभाले प्रमाणिकरण गरी बाह्रदशी राजपत्रमा प्रकाशन गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, –

क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

ख) "बाह्रदशी गाउँपालिका" भन्नाले नेपालको संविधानको धारा ५६ (४) बमोजिमको गाउँपालिकालाई

सम्झनु पर्दछ । सो शब्दले गाउँसभालाई समेत जनाउनेछ ।

ग) "अध्यक्ष" भन्नाले गाउँपालिको अध्यक्ष सम्झनु पर्दछ ।

घ) "लिखत" भन्नाले देहायका लिखत सम्झनु पर्छः–

१) ऐन,

२) बाह्रदशी गाउँपालिकाले बनाएको नियम,

३) बाह्रदशी गाउँपालिकाले जारी गरेको आदेश,

४) बाह्रदशी गाउँपालिकाद्वारा पारित प्रस्ताव,

५) बाह्रदशी गाउँपालिकाले जारी गरेको अधिकारपत्र,

६) स्थानीय कार्य पालिकाको निर्णय,

७) बाह्रदशी गाउँपालिकाको कानूनद्वारा नियुक्ति हुने पदको नियुक्तिपत्र,

८) बाह्रदशी गाउँपालिकाको कानून बमोजिम बाह्रदशी गाउँपालिकाले दिने नियुक्ति, सरुवा र

अवकाशपत्र,

९) बाह्रदशी गाउँपालिकाको कानून बमोजिम प्रमाणीकरण गर्नु पर्ने अन्य लिखत,

ङ) "प्रामाणिक प्रति" भन्नाले लिखत प्रमाणित गर्ने अधिकारीले हस्ताक्षर गरेको सक्कल प्रति सम्झनु पर्छ ।

च) "सचिव" भन्नाले बाह्रदशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा

तोकिए बमोजिम सम्झनु पर्छ ।

३. ऐनको प्रमाणीकरण कार्यविधिः

१) बाह्रदशी गाउँपालिकाको सभाबाट विधेयक पारित भएपछि बाह्रदशी गाउँपालिकाको सचिवले त्यस्तो विधेयक नेपाली कागजमा चार प्रति तयार गरी प्रमाणीकरणको लागि बाह्रदशी गाउँपालिकाको अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

बाह्रदशी राजपत्र

२) उपदफा (१) बमोजिम पेश गरिने विधेयकका प्रतिहरुमा बाह्रदशी गाउँपालिकाको अध्यक्षले बाह्रदशी गाउँपालिकाको सभाबाट विधेयक पारित भएको मिति उल्लेख गरी हस्ताक्षर गरेको हुनु पर्नेछ ।

३) उपदफा (१) बमोजिम पेश भएका विधेयकका प्रतिहरुमा बाह्रदशी गाउँपालिकाको अध्यक्षले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि त्यस्तो विधेयक प्रमाणीकरण हुनेछ र ऐन बन्नेछ ।

४) उपदफा (३) बमोजिमका प्रामाणिक प्रतिहरुमध्ये एक प्रति बाह्रदशी गाउँपालिकाको सचिवले राखी अन्य एक÷एक प्रति संघको संघीय मामिला हेर्ने मन्त्रालय, प्रदेशको स्थानीय तह हेर्ने विभाग र बाह्रदशी गाउँपालिकाको सभा सम्वद्ध इकाइमा पठाउनु पर्नेछ र त्यस्ता प्रत्येक कार्यालय तथा इकाइले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षितसाथ राख्नु पर्नेछ ।

५) उपदफा (४) बमोजिम प्राप्त भएको प्रामाणिक प्रतिको आधारमा बाह्रदशी गाउँपालिकाको सचिवले ऐन प्रमाणीकरण भएको मिति राखी सो ऐन प्रकाशन गरी सार्वजनिक सूचनाको माध्यमबाट बाह्रदशी गाउँपालिकामा प्रचार गर्नुपर्नेछ ।

४. बाह्रदशी गाउँपालिकाको सभाद्वारा पारित प्रस्तावको प्रमाणीकरणः १) नेपालको संविधानको धारा २२६ तथा बाह्रदशी गाउँपालिकाको कानून बमोजिम बाह्रदशी गाउँपालिकाको सभाद्वारा पारित प्रस्तावको प्रमाणीकरण बाह्रदशी गाउँपालिकाको अध्यक्षको हस्ताक्षरबाट हुनेछ ।

२) उपदफा (१) बमोजिमको प्रामाणिक प्रतिको आधारमा बाह्रदशी गाउँपालिकाको सचिवले तोकेको अधिकृतले सो प्रस्ताव कार्यान्वयन गर्ने वा गराउनेछ ।

५. बाह्रदशी गाउँपालिकाबाट जारी हुने आदेश, अधिकारपत्र, सूचनाको प्रमाणीकरणM१) नेपालको संविधान तथा बाह्रदशी गाउँपालिकाको कानून बमोजिम

बाह्रदशी गाउँपालिका

बाह्रदशी गाउँपालिकाबाट जारी हुने आदेश, अधिकारपत्र, सूचना वा अन्य कनै लिखतको प्रमाणीकरण बाह्रदशी गाउँपालिकाको अध्यक्षको हस्ताक्षरबाट हुनेछ ।

२) उपदफा (१) बमोजिमका प्रामाणिक प्रतिहरुमध्ये एक प्रति बाह्रदशी गाउँपालिकाको सचिवले राखी अन्य एक ÷ एक प्रति संघको संघीय मामिला हेर्ने मन्त्रालय, प्रदेशको स्थानीय तह हेर्ने विभाग र बाह्रदशी गाउँपालिकाको सभा सम्वद्ध इकाइमा पठाउनु पर्नेछ र त्यस्ता प्रत्येक कार्यालय तथा इकाइले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षितसाथ राख्नु पर्नेछ ।

६. नियम, आदेश अधिकारपत्रको प्रमाणीकरण आदिः

१) देहायका सार्वजनिक लिखतहरु जारी गर्ने सम्बन्धमा बाह्रदशी गाउँपालिकाको कार्य पालिकाले निर्णय गरेपछि सोको आधारमा बाह्रदशी गाउँपालिकाको सचिवले त्यस्तो लिखत प्रमाणीकरणका लागि दुई प्रतिमा हस्ताक्षर गरी एक प्रति बाह्रदशी गाउँपालिकाको सभा सम्वद्ध इकाइमा राखी अर्को प्रति कार्यान्वयन गर्ने इकाईमा पठाउनु पर्नेछ ः ः–

क) बाह्रदशी गाउँपालिकाको कार्य पालिकाले बनाएको नियम,

ख) बाह्रदशी गाउँपालिकाको कार्य पालिकाले जारी गरेको आदेश,

ग) बाह्रदशी गाउँपालिकाको कार्य पालिकाले जारी गरेको अधिकारपत्र,

घ) बाह्रदशी गाउँपालिकाको कानून बमोजिम बाह्रदशी गाउँपालिकाको कार्य पालिकाले गर्नु पर्ने निर्णय, जारी गर्नुपर्ने निर्देशिका वा अन्य सार्वजनिक लिखत ।

२) उपदफा (१) बमोजिम प्राप्त प्रामाणिक प्रति सम्बन्धित बाह्रदशी गाउँपालिकाको सम्बन्धित इकाईले सुरक्षित राखी सोको आधारमा कार्यान्वयन गर्नु पर्नेछ ।

७. बाह्रदशी गाउँपालिकाको अन्य सार्वजनिक लिखतको प्रमाणीकरणः दफा ३, ४, ५ र ६ मा लेखिएदेखि बाहेकका बाह्रदशी गाउँपालिकाको अन्य लिखतको प्रमाणीकरण सम्बन्धित सचिव वा निजले तोकेको अधिकृतबाट हुनेछ ।

८. बाह्रदशी गाउँपालिकाको कानून बमोजिम हुने नियुक्तिको प्रमाणीकरण M१) बाह्रदशी गाउँपालिकाको कानून बमोजिम अध्यक्षबाट नियुक्ति हुने पदको नियुक्तिपत्र अध्यक्षको हस्ताक्षरद्वारा प्रमाणीकरण हुनेछ ।

२) उपदफा (१) बमोजिमको प्रामाणिक प्रतिहरुमध्ये एक प्रति बाह्रदशी गाउँपालिकाको सचिवले राखी अन्य एक÷एक प्रति संघको संघीय मामिला हेर्ने मन्त्रालय, प्रदेशको स्थानीय तह हेर्ने विभाग र बाह्रदशी गाउँपालिकाको सभा सम्वद्ध इकाइमा पठाउनु पर्नेछ र त्यस्ता प्रत्येक कार्यालय तथा इकाइले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षितसाथ राख्नु पर्नेछ ।

३) उपदफा (१) मा लेखिएदेखि बाहेक बाह्रदशी गाउँपालिकाको कानून बमोजिम नियुक्ति हुने अन्य पदको नियुक्ति तोकिएको अधिकारीद्वारा तोकिए बमोजिम प्रमाणीकरण भई तोकिए बमोजिम कार्यान्वयन हुनेछ ।

९. आदेशको प्रमाणीकरण M दफा ६ मा लेखिएदेखि बाहेक बाह्रदशी गाउँपालिकाको अन्य आदेश सम्बन्धित बाह्रदशी गाउँपालिकाको सचिवबाट प्रमाणीकरण हुनेछ ।

१०. अन्य लिखतको प्रमाणीकरणः दफा ३, ४, ५, ६, ७, ८, ९ र मा उल्लेख भएदेखि बाहेकका तोकिए बमोजिमका अन्य सार्वजनिक लिखतको प्रमाणीकरण तोकिएको अधिकारीद्वारा तोकिए बमोजिम हुनेछ ।

११. अन्य प्रचलित कानून बमोजिम प्रमाणीकरण हुने विषयमा असर नपर्नेः

कुनै लिखत प्रमाणीकरण सम्बन्धमा प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा त्यस्तो विषयमा यस ऐनमा लेखिएको कुनै कुराले असर पार्ने छैन ।

बाह्रदशी गाउँपालिका

१२. सार्वजनिक लिखतको राष्ट्रिय अभिलेख राख्नु पर्नेः १) यस ऐन बमोजिम प्रमाणीकरण भएको सार्वजनिक लिखत तोकिएको अवधि पूरा भएपछि तोकिएको कार्यविधि पूरा गरी बाह्रदशी गाउँपालिकाको अभिलेखालयमा राखिनेछ ।

२) उपदफा (१) बमोजिम बाह्रदशी गाउँपालिकाको अभिलेखालयमा राख्दा तोकिए बमोजिमका सार्वजनिक लिखतको माइक्रोफिल्म तयार गरी राख्नु पर्नेछ ।

१३. दण्ड सजायः १) कसैले ऐनको किर्ते गरेमा, नभए नगरेको कुरा प्रमाणीकरण वा प्रमाणित गरेमा वा यस ऐन बमोजिम प्रमाणीकरण भएका ऐनलाई केरमेट गरेमा निजलाई कसुरको मात्रा अनुसार दुई वर्षदेखि पाँच वर्षसम्म कैद हुनेछ ।

२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य कसुर गर्नेलाई छ महिनादेखि दुई वर्षसम्म कैद हुनेछ ।

३) उपदफा (१) वा (२) बमोजिम कसुर गर्न उद्योग वा दुरुत्साहन गर्ने वा मतियारलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

४) यस दफा बमोजिम कसुर गरेको कारणबाट कसैलाई कुनै किसिमको हानी नोक्सानी भएको रहेछ

भने सो बापत क्षतिपूर्ति समेत कसुरदारबाट भराउनु पर्नेछ ।

१४. सरकारवादी मुद्दा हुनेः यस ऐन अन्तर्गतको मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची – १ मा समावेश भएको मानिनेछ ।

१५. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि बाह्रदशी गाउँपालिकाको कार्य पालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

आज्ञाले,

खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत

बाह्रदशी राजपत्र